# आगामी आर्थिक बर्ष २०७८/७९

## बजेट नीति तथा कार्यक्रम

लालझाडी गाउँपालिका

शंकरपुर, कन्चनपुर

२०७८

यस ऐतिहासिक गाउँसभाका अध्यक्ष ज्यू
प्रमुख अतिथि.....................
गाउँ कार्यपालिका का सदस्य ज्यू हरु
गाउँसभाका सदस्य ज्यूहरु
बिषयगत शाखाका प्रमुख एवम् प्रतिनिधि ज्युहरु
तथा समपुर्ण कर्मचारी ज्यूहरु

विश्वव्यापी रुपमा फैलिएको कोरना महामारीको प्रभाव यस गाउँपालिकामा समेत पर्यो यस जीवन चक्रकै सर्वाधिक चुनौति र असहज परिस्थितिको सामना गर्दै पालिका बासीको जीवन रक्षा गर्न पालिका भित्रको आर्थिक सामाजिक विकास चलायमान बनाइराख्न प्रमुख कर्तव्य सम्झेर यस गरिमामय नवौं गाउँसभामा आगामी  आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएकी छु।

सर्वप्रथम आज यस लालझाडी गाउँपालिकाको ऐतिहासिक नवौं गाउँसभामा मार्फत गाउँपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित महशुस गरेको छु। स्थानीय सरकारलाई यहाँसम्म अधिकार सम्पन्न गराउने शिलसिलामा थुप्रै ज्ञात तथा अज्ञात शहिदहरुले आफ्नो जीवनको उत्सर्ग गरेका छन्,ती सम्पुर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्न चाहान्छु।नेपाली जनताले २००७ साल, २०३६,२०४६ हुँदै २०६३ सालको पटक-पटकको जन—आन्दोलन र संघर्षहरुले नेपाली जनतालाई अधिकार सम्पन्न गराउने विषयमा मुख्य भूमिका खेलको छन्,यी सबै आन्दोलनको क्रममा यस गाउँपालिका भेगका जनताहरुको पनि महत्वपूर्ण योगदान रहेको स्मरण गर्न चाहान्छु।साथै कोरोना महामारीका कारण ज्यान गुमाएका व्यक्ति प्रति हार्दिक श्रद्धाञ्जली र संम्क्रमित लाई शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

संघियता कार्यान्व्यनका लागि २०७४ सालमा सम्पन्न स्थानीय निर्वाचनबाट निर्वाचित सरकारको तर्फ बाट पाचौं बजेट,नीति तथा कार्यक्रमप्रस्तुत गर्न पाउँदा गौरवान्वित महसुस गरेको छु।विश्व व्यापी महामारीको रुपमा फैलिएको कोरोनाका भाइरसका **(Covid 19)** कारण सम्पुर्ण विश्व आक्रान्त भइरहेको यस विषम परिस्थितिमा यस गाउँपालिकाले समेत एकै पटक मानवीय र आर्थिक संकटको सामना गर्नुपरेको छ।

विश्व व्यापी माहामारीका रुपमा फैलिरहेको कोभिड-१९ संक्रमणको प्रभावलाई न्यूनीकरण गर्दै स्थानीय वासीको स्वास्थ्यलाई प्रभावकारी रुपमा संरक्षण गर्न र स्थानीय विकासलाई चलायमान बनाइ राख्न स्वास्थ्य र विकास लाई संगसंगै संबोधन गर्नुपर्ने चुनौती पुर्ण एवमं कठिन परिस्थितीको बीचमा आगामी आर्थिक बर्षमा मैले गहन जिम्मेवारी बोध गरेकी छु। आगामी आर्थिक बर्षको बजेट विगतको परिस्थितिले सिर्जना गरेको चुनौतीलाई सामना गर्दै गरेको अनुभव लाई सिकाई का रुपमा अगाडि बढाउदै थप आगामी दिनमा आइपर्ने सम्भाव्यताको अनुमान गर्दै वर्तमान अवस्थाका अवसरलाई भरपुर उपयोग गर्न हाम्रा मान्यताहरु लाई थप परिष्कृत गर्नु पर्ने देखिन्छ।यस कठिन तथा संमवेदनशील अवस्थालाई क्रमश: सामान्यीकरण गर्दै विकास सुशासन र समृद्ध लालझाडीको  पूर्ववत यात्रा सूचारु गर्ने प्रमुख ध्येय हुनेछ।

नागरिकका जीवनचक्रमा आधारित आवश्यकताहरु लाई सामर्थ्य र प्राथमिकताका आधारमा तदारुकताका साथ सम्पन्न गर्नु पर्ने अभिभारा भएकाले हामीले यो ऐतिहासीक गाउँसभा मार्फत हाम्रा अल्पकालिन तथा दीर्घकालिन लक्ष्यहरुलाई सम्वोधन गर्ने गरी तत्कालिन लक्ष्यहरु निर्धारण गरेका छौं साथै अहिले सम्मको अध्ययन,अनुभव र आवश्यकताका आधारमा प्राथमिकिकरण गरिएको छ। सिमित स्रोतमा रहि कतिपय योजनाहरुमा गाउँपालिकाले बजेटमा समेट्न नसकेका योजना तथा कार्यक्रमहरु विभिन्न सरोकारावालाहरु नेपाल सरकार र प्रदेश सरकार तथा अन्य सरकारी तथा संघ संस्थाहरु संग स्रोत तथा प्रविधि व्यवस्थापन तथा साझेदारीका लागि आवश्यक पहल गरिनेछ ।

यस लालझाडी गाउँपालिकाले **"कृषि, वन, पर्यटन, संस्कृति दिगो विकास र पुर्वाधार समाजवाद उन्मुख, सम्वृद्ध लालझाडीको मुल आधार"** भन्ने दुर दृष्टि सहित जनता केन्द्रित सन्तुलित तथा समावेशी विकास सहितको समाजवाद उन्मुख लालझाडीको अभियानलाई मार्ग निर्देश गर्ने लक्ष्य सहित पञ्च वर्षिय गाँउ विकास आवधिक योजना २०७६-२०८१ जारी गरिएको छ। पहिलो आर्थिक वर्ष देखि नै आवधिक योजनाले निर्दिष्ठ गरेका लक्ष्यहरु हाँसिल गर्ने मुख्य उद्देश्यहरु सहित आवधिक योजनाको परिधि रहि गाउँपालिकाको पाश्र्व चित्रले समेत देखाएका आवश्यकताहरु लाई सम्बोधन गर्दै वर्तमान परिस्थितिले सृजना भएका समस्याहरुलाई लाई सम्बोधन हुने गरि वजेट विनियोजन तथा कार्यक्रम कार्यान्वयन भइरहेको छ।

**सभाध्यक्ष ज्यू,**

**अव म चालु आर्थिक बर्ष २०७७/७८ को  समिष्टिगत क्रियाकलाप प्रस्तुत गर्न चाहन्छु।**

आर्थिक वर्षको उत्तरार्धको समयमा हाम्रा अत्यधिक योजना संचालनका गतिविधिहरु सम्पन्न गरिन्छन,विगत दुई बर्ष देखि कोरोना भाइरस नामक विश्वव्यापी महामारीको सामना यस गाउँपालीकाले समेत गर्नु परेकाले जटिल परिस्थितीको वावजुद पनि संचालन भएका गतिविधीहरुवाट प्राप्त प्रतिफलहरुको निम्नअनुसार समिक्षा गरिएको छ।

**संचालीत मुख्य कार्यक्रमहरु:**

आ. व. २०७७/७८ मा संचालित मुख्य योजनाहरु तथा कार्यक्रम निम्नानुसार रहे।

| सि.न | मुख्य क्रियाकलाप | इकाई | लक्ष्य | प्राप्ती |
|---|---|---|---|---|
| १ | यस बर्ष उपभोक्ता समिति मार्फत सडक स्तरोन्नती | कि.मि | ८.५ | ६ |
| २ | सडक कालोपत्रे | मि | ५१३ | ५११ |
| ३ | ४ वटै वडा कार्यालको आधुनिक भवन निर्माण सेवा प्रवाह सुचारु | | ४ | ४ |
| ४ | खर्रा नाला पुल निर्माण | मि | | सम्पन्न |
| ५ | नदी नियन्त्रणका लागि जैविक तटबन्ध | मि | १८०० | सम्पन्न |
| ६ | शार्वजनिक शोचालय निर्माण | - | ३ | ३ |
| ७ | शंकरपुर इलाका प्रहरी कार्यालय निर्माण | | १ | भइरहेको |
| ८ | दश शैयाको अस्पताल भवन | | १ | ‘‘ ‘‘ |
| ९ | विद्यालय भवन निर्माण | | ३ | ३ |
| १० | न्युनतम रोजगारीमा संलग्न बेरोजगार | वटा | २२९ | २२९ औसतमा ६५ दिन रोजगारी |
| ११ | शिक्षा सम्मेलन आयोजन | | १ | सम्पन्न |
| १२ | उद्यम विकासका लागि उद्यमी तालिम | | - | शत प्रतिशत खर्च प्रगति |
| १३ | शैक्षिक सन्दर्भ सामग्री निर्माण | | - | सम्पन्न |
| १४ | ५०%  अनुदानमा सहकारीलाई कम्प्युटर वितरण | | | शत प्रतिशत खर्च प्रगति |
| १५ | पशु स्वास्थ्य शिविर | | | सम्पन्न |
| १६ | घुम्ती स्वास्थ्य शिविर | | | सम्पन्न |
| १७ | घुम्ती आखां जाचं स्वास्थ्य शिविर | | | सम्पन्न |

**चालु आ.व. २०७७/०७८ को हाल सम्मको खर्चको सामान्य विश्लेषण**

| शिर्षक | विनियोजन रकम रु. | प्रतिशत | शिर्षक | खर्च रकम रु. | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| चालु | १९,८०,५७,३७७.३२ | ४९.१४ | चालु | १३०,२६५,१०२.२८ | ६२.३६ |
| पुँजीगत | २०,५०,०१,७५३.०० | ५०.८६ | पुँजीगत | १००,९३३,३४५.०० | ४९.१६ |
| | ४०,३०,५९,१३०.३२ | | | २३१,१९८,४४७.२८ | |

**कोभिड १९ महामारीका कारण लालझाडी गाउँपालिकालाई पारेको असरः-**

कोरोनाले विश्वव्यापी महामारीको रुप लिएसंगै विश्व तथा समग्र मुलुकहरुको अर्थतन्त्र ध्वस्त प्राय भएको परिपेक्षमा हाम्रो गाउँपालिका पनि अछुत रहन सकेन, जनताका पेसा व्यवसायमा रोजगारीमा संलग्न भएका गाउँबासीको व्यवसाय तथा रोजगारी गुमेका अवस्था छ।

यस प्रतिकुल अवस्थामा स्वास्थ्य संक्रमणका कारण सूजना भएका चुनौतिहरुलाई सामना गर्न सक्ने गरि यस पालिकाले सबै किसिमका स्वास्थ्य सेवाको गुणात्मक एवम् सन्तुलित  विकास गर्दै, नागरिकको जीवन रक्षा गर्न यस पालिकाले प्रमख ध्यान केन्द्रित हुनेछ। अर्को यस पालिकाको आफ्नै छुट्टै सम्भावना कृषिमा रहेको छ, कृषिक्षेत्र उत्पादन, उत्पादकत्व वृद्धि कृषिमा आधारित उद्योगको संरक्षण एवम् प्रवर्द्धन गरि कृषि क्षेत्रको विविधिकरण व्यवसायिकीकरण आधुनीकीकरण यान्त्रिकिकरण तथा खाद्य सुरक्षा एवम् सम्प्रभुताको संरक्षण गर्ने  नीति कायम गरि कार्य अगाडि बढाउनु पर्ने छ। अर्को तर्फ वैदेशिक रोजगारीवाट फर्केका तथा आन्तरिक रुपमा रोजगारी गुमाएका व्यक्तिहरुलाई कृषि आधुनिकिकरण, भौतिक पुर्वाधार निर्माण तथा सामावेशी सामुदायिक आयोजनामा संलग्न गरि युवालाई परिचालन गरि स्थानीय तहको जनशक्ति लाई स्थानीय तहमा मै उचित व्यवस्थापन गर्नु पर्नेछ।

कोरोना महामारीको अवस्था अत्यन्तै कष्ठपुर्ण भएकाले यस बाट अगामी आ.व. २०७८/८९ मा देखिने सम्भावनाहरुको विश्लेषण देहाय बमोजिम गरिएको छ।

**महत्वपुर्ण सिकाई एंवम् यस वर्षका लागि संभावनाहरु :**

- विपत,प्रकोप एवं महामारी को जोखिम व्यवस्थापन वलियो गुणस्तरीय स्वास्थ्य संरचना तयार गरि आवश्यक जनशक्ति व्यवस्थापन गर्नु पर्ने।
- कृषि उपजमा पालिका लाई आत्मनिर्भर बनाउन त्यहि अनुरुपमको कार्यक्रम कार्यान्वयन गरि कृषि उत्पादनमा आत्म निर्भर लालझाडी बनाउने।
- शिक्षा स्वास्य कृषि सडक सिँचाई खानेपानी विद्युत लगायतका पूर्वाधारका क्षेत्रको दिगो व्यवस्थापन गर्दै उच्च प्रतिफल दिने खालको रणनैतिक पूर्वाधार निर्माणमा जोड दिनु पर्ने।
- स्थनीय सीप स्रोत साधन तथा पहिचानमा आधारित लघु साना तथा उद्योग व्यवसायहरुको बजार पर्वद्धन गरि रोजगार तथा स्वरोजगार बन्न खालको अवस्थाको प्रत्याभुति गराउनुपर्ने।

माथी उलेलेख गरिएका सम्भावनाहरुको  प्रत्याभुति गराउन लालझाडी गाउँपालिकामा पूर्ण आफ्नो स्रोत साधन तथा दक्षताको पूर्ण उपयोग गर्नेछ।

**सभाध्यक्ष ज्यू,**

**अब म आ.व. २०७८/७९ को योजना खाका प्रस्तुत गर्न चाहाँन्छु।**

## योजना खाका

लालझाडी गाउँपालीकाको आवधिक योजनाले गाउँपालीकाको समग्र विकासका पक्षहरुलाई निर्देशित गरेको र यसमा तल उल्लेखीत क्षेत्रका योजनाहरुलाई समेटेको हुनाले नेपालको नीतिगत व्यवस्था, संघ तथा प्रादेशिक योजनाहरुलाई समेत समेटने सन्दर्भमा आगामी आ.व.मा पनि यीनै क्षेत्रहरुलाई निरन्तरता दिइनेछ तर लगानीको स्वरुप भने आश्वयकताको आधारमा अवश्य नै फरक पर्नेछ।

**१.आर्थिक विकास क्षेत्रका** :यस क्षेत्र अन्तरगत कृषि, पशुपालन, सिचाई खाद्य तथा पोषण, वन तथा वातावरण, उद्योग वाणिज्य तथा आपूर्ति जस्ता क्षेहरु समेटिएका छन।

**२.सामाजिक विकास क्षेत्रका :**यस क्षेत्र अन्तरगत जनसंख्या व्यवस्थापन, शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाई, महिला, बालवालिका, ज्येष्ठ नागरीक, युवा, खेलकुद, सामाजिक सुरक्षा, असाय, अपाँगहरुको समग्र विकास सुनिश्चित गर्ने योजनाहरु समेटिएका छन।

**३.पूर्वाधार क्षेत्र :**यस क्षेत्र अन्तरगत तथ्याँक प्रणाली, योजना तर्जुमा, आयोजना बैक, संस्थागत तथा कार्यान्वयन व्यवस्था, तहगत सम्वन्ध तथा अन्तर सरकार समन्वय, जोखिम व्यवस्थापन तथा अनुगमन तथा मुल्याँकन विषयसँग सम्वन्धित योजनाहरु प्रस्तुत गरिएका छन।

**४.संस्थागत विकास तथा सुशासनका क्षेत्रहरु :** यस अन्तरगत पालिका एकता, सुरक्षा, शान्ति र सुव्यवस्था, नेतृत्व निर्माण, निर्वाचन प्रणालीमा सुधार, मानवअधिकार, न्याय प्रणाली, स्थानीय तहको सन्तुलित विकास, शासकीय सुधार, प्रशासकीय सुधार, वित्तिय सुधार, भ्रष्टचार निवारण, मानव वेचविखन तथा ओसार प्रसार अन्त्य जस्ता विषयका योजनाहरु समेटिएका छन।

**५.अन्तर सम्वन्धीत क्षेत्र :** यस क्षेत्र अन्तर्गत गरिवी निवारण, श्रम तथा रोजगारी, मावन संशोधन विकास, उद्यमशिलता विकास, समानता, समावेशीकरण, सामाजिक सुधार, सामाजिक संस्कृतिक विविधता, विपद व्यवस्थापन, वातावरण, जलवायु परिवर्तन, सामुदायिक साझेदारी र गैरसरकारी संस्थाहरुसँग सम्वन्धित विषयहरु समेटिएका छन ।

**६.योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मुल्याँकन :** यस विषय अन्तरगत तथ्याँक प्रणाली, योजना तर्जुमा, आयोजना बैक, संस्थागत तथा कार्यान्वयन व्यवस्था, तहगत सम्वन्ध तथा अन्तर सरकार समन्वय, जोखिम व्यवस्थापन तथा अनुगमन तथा मुल्याँकन विषयसँग सम्वन्धित योजनाहरु प्रस्तुत गरिएका छन ।

**७.महामारी नियन्त्रण तथा प्रकोप व्यवस्थापन :** कोडिभ—१९ को संक्रमण नियन्त्रण कार्यक्रम, जनस्वास्थ्य चुनौती सम्बोधन कार्यक्रम, सुरक्षित स्वास्थ्य शिक्षा कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।

**गाउँपालिकाको विकासका सिद्धान्तहरु**

लालझाडी गाउँपालिकाले आवधिक योजना अवधि २०७६-२०८१ लागि निश्चित सिद्दान्तहरुलाई मार्ग निर्देशक सिद्दान्तहरुको रुपमा अगिंकार गरि समृद्ध गाउँपालिका रुपान्तरण गर्ने लक्ष्य निर्धारण गरिएको अवस्थामा गत आ.व.२०७६/७७ देखि प्रभाव पर्दै आएको विश्वव्यापी कोरना भाइरस **(Covid 19)** महामारीले सृजना गरेको प्रतिकुल स्थितिलाई समेत मूल्यांकन गर्दै पालिका वासीको जीवन स्तर लाई सहज बनाउनका साथै सामाजिक आर्थिक विकासलाई चलायमान बनाउन प्राथमिकतामा सामान्य हेरफेर गरिएको छ।

१. गुणस्तरीय र प्राविधीयुक्त आाधारभुत स्वास्थ्य सेवा
२. स्थानीय उत्पादन, व्यवसायीकरण, विविधिकरण, यान्त्रिकिकरण, बजारीकरण उपयोग नीति तथा कार्यान्वयन

३. प्रविधी मैत्री, गुणस्तरीय एवं प्राविधिक तथा सीपमूलक शिक्षा
४. समाजवाद उन्मुख अर्थतन्त्र, लोककल्याणकारी सेवा प्रवाह, दिगो विकास लक्ष्य
५. गरिबी न्युनीकरण तथा श्रम, रोजगारी, उद्यम, स्वरोजगार पर्वद्धन
६. सूचना प्रविधी मैत्री लालझाडी
७. समावेशी विकास सहितको समावेशी समाजको निर्माण, सुशासन युक्त लालझाडी
८. महामारी नियन्त्रण तथा प्रकोप व्यवस्थापन
९. पर्यावरणीय पर्यटन

**बजेट, नीति तथा कार्यक्रमको प्रमुख विशेषता :**

१. कोभिड १९ लगायत सबै प्रकारका महामारी र विपदबाट गाउँबासीको जीवनको रक्षा गर्दै आर्थिक तथा सामाजिक विकासलाई निरन्तरता दिने कार्यलाई प्राथमिकता दिइएको छ।
२. दोदा नदि कटान र डुबान समस्यालाई समाधान गर्न व्यवस्थित तटवन्धलाई महत्वका रुपमा लिई सम्बन्धित निकायमा आवश्यक पहल गरिनेछ।
३. स्वच्छ पानी पिउन पाउने नागरिकहरुको मौलिक हकलाई मध्येनजर गरेर स्वस्थ्य तथा स्वच्छ पिउने पानीलाई साधारण जनताहरुको पहँच सम्म पुर्याउन विशेष पहल गरिनेछ।
४. सवै वडाहरुको समुचित विकासको निम्ति समतामूलक रुपमा बजेट विनियोजन गरिएकोछ।
५. लालझाडी गाउँपालिकालाई शिक्षाको निम्ति नमुना गाउँ वनाउन, शिक्षा र स्वाथ्यलाई गुणस्तरिय र सर्वसुलभ वनाउन, संस्कृत जगेर्ना गर्न, कृषि व्यवसायीकरण गर्न, पशुको व्यवसायीकरण गर्न सो क्षेत्रलाई प्राथमिकता दिईबजेट विनियोजन गरिएको छ।

**गाउँसभाका अध्यक्ष तथा सदस्य ज्यूहरु**

अव म **नीति तथा कार्यक्रम निर्माणका क्रममा प्रमुख रुपमा लिईएका आधारहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

- नेपालको संविधान २०७२ मा भएका व्यवस्थाहरु।
- संविधानको अनुसुचि ८ र ९ अनुसारका एकल अधिकार र साझा अधिकारका सूचिहरुमा भएका व्यवस्था,
- पन्धौ पञ्चवर्षिय योजनाको आधार, दिगो विकासका लक्ष्यहरु,।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४, नेपाल सरकारवाट प्राप्त नीति, निर्देशन, परिपत्र र मार्गदर्शनहरु
- प्रदेश सरकारवाट प्राप्त नीति, निर्देशन, परिपत्र र मार्गदर्शनहरु।
- गाउँ कार्यपालिकाले स्वीकृत गरेका गाउँ कार्यपालिका कार्यसम्पादन नियामावली तथा कार्य विभाजन नियामावली २०७४, स्थानीय तहको योजना तथा वजेट तर्जुमा दिग्दर्शन २०७५।
- गाउँकार्यपालिका बाट गठित विभिन्न विषयगत समितिबाट प्राप्त सुझावहरु तथा राजश्व परामर्श समितिबाट प्राप्त सुझावहरु गाउँपालिकाको पञ्चवर्षिय २०७६-२०८१ आवधिक योजना।
- विगतका आर्थिक वर्षहरुको कार्यअनुभव।
- राजनितिक दल संघसस्था सामाजसेवि बुद्धिजिवि तथा नागरिक अगुवा वाट प्राप्त सुझावका आधारमा।

प्रस्तुत नीति तथा कार्यक्रमले लिएका प्राथमिकता हरु देहाय बमोजिम रहेका छन।

**बजेट नीति तथा कार्यक्रमका प्राथमिकताका क्षेत्रहरु**

१. विश्वव्यापी महामारी कोरोनालाई नियन्त्रण, सुरक्षित स्वास्थ्य सेवा, पोषण तथा सरसफाई
२. कृषि आधुनीकरण, व्यवसायीकरण, विवधिकरण, यान्त्रीकिकरण साथै बजारीकरण

३. गुणस्तरीय शिक्षा,सीप मुलक तथा आत्मनिर्भर जनशक्ति उत्पादन
४. सडक पुर्वाधार निर्माण तथा स्तरोन्नती
५. दोदा नदी नियन्त्रण, वातावरण तथा विपद व्यवस्थापन
६. गरीबी न्युनीकरण तथा रोजगारी प्रवर्द्धन
७. सुसस्जीत सुचना संचार तथा प्रविधि विकास
८. कला, संस्कृति तथा पर्यटकीय गन्तब्यहरुको सरंक्षण तथा सम्वर्द्धन
९. सुशासन समावेसी विकास तथा सेवा प्रवाह

**गाउँसभाका अध्यक्ष तथा सदस्य ज्यूहरु**

अव म नीति तथा कार्यक्रम निर्माणका क्षेत्रगत रुपमा समिटिएका नीतिहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु।

## १.आर्थिक विकास

### क. कृषि विकास तथा पशु सेवा

१. कोरोना भाइरस, बन्दावन्दीका कारण आय,आर्जन, रोजगारीको क्षेत्रमा परेको असरलाई न्युनीकरण गर्न कृषि तथा पशुपालन क्षेत्रमा **स्व- रोजगारका कार्यक्रम** र्माफत लक्षितवर्गलाई प्रोत्साहन गरिनेछ।
२. कृषि पेशा लाई सम्मानीत पेशाका रुपमा विकास गर्न "उत्कृष्ट कृषक सम्मान" कार्यक्रम लाई निरन्तरता दिइएको छ साथै कृषक अनुभव आदान-प्रदान गर्न **जिल्ला स्तरीय कृषक अवलोकन भ्रमण** कार्यक्रम संचालन गरिनेछ।
३. मसला खेती तथा करेसाबारी खेतीलाई पर्वद्वन गर्न अभिमुखीकरण तालिम व्यवस्था गरिएको छ।
४. सामुहिक तथा सहकारी कृषि पेशा खेतीलाई प्रोत्साहन गर्ने नीति लिइनेछ।
५. कृषकहरुको क्षमता अभिवृद्धि प्राविधिक सेवा र जन चेतनामुलक कार्यक्रमको लागि आवश्यक प्रबन्ध मिलाइनेछ।
६. व्यवसायिक कृषिदर्ता प्रणाली अवलम्बन गर्दै व्यवसायिक कुखुरापालन,मत्सयपालन माहुरीपालन ब्राखापालन वंगुरपालन च्याउँ खेती तरकारी खेती लगायत दुग्धजन्य तथा मासु उत्पादनका लागि प्रोत्साहित गरिनेछ। (व्यवसायिक पशुपंक्षी प्रणालीको विकास)
७. कृषिबालीमा लाग्ने रोग नियन्त्रण किरा व्यवस्थापन, **आई पि एम कृषक पाठशाला संचालनमा** ल्याइने छ।
८. खेती योग्य जमिनको गुणस्तर कायम राख्न प्राङ्गारिक खेतीको विकास तथा विस्तारलाई प्राथमिकता दिइनेछ, पालिका स्तरमा **विरुवा उपचार शिविर संचालन** को प्रबन्ध मिलाइने छ।
९. कृषि तथा पशुजन्य प्राकृतिक प्रकोप महामारी नियन्त्रणका लागि उच्च सतर्कता अपनाईनेछ।
१०.पशु नश्ल सुधार तथा व्यवस्थापनको लागि आधुनिक प्रविधिको उपयोग गरिनेछ साथै स्थानीय पशुपंक्षीमा कृतिम गर्भाधान सेवा विस्तार गरिनेछ।
११.कृषि पोकेट क्षेत्र विस्तार का लागि एक वडा एक उत्पादन, कलष्टर खेतीलाई प्राथमिकतामा राखिनेछ,यस वर्ष **क्लष्टर प्याज खेती कार्यक्रम** संचालनमा आउनेछ।
१२.पालिका स्तरमा कृषि पशुपंक्षी सम्बन्धी तथ्याकं संकलन व्यवस्थापन र सुचना प्रणालीको विकास गरिनेछ।
१३.उखु उत्पादनलाई व्यवस्थीत बनाउन उखु उत्पादक किसानलाई समुहमा आवद्व गरिनेछ साथै नगदेवाली तथा बहुवर्षिय घाँस, भुईघाँस र नमुना नर्सरीका कार्यक्रमहरुलाई उच्च प्राथमिकता दिइनेछ।
१४.कृषि तथा पशुपक्षीं बिमा कार्यक्रम संचालन गरिनेछ, कृषि पशुपंक्षीमा संलग्न कृषकका लागि कृषि पशुपंक्षी उत्पादन योजना पात्रोको व्यवस्था गरिनेछ।
१५.पालिका लाई दुग्धजन्य, मासुजन्य उत्पादनमा आत्मनिर्भर बनाउन विभन्न कार्यक्रम संचालन हुनेछन्।
१६.पशुपंक्षीमा देखिने आकस्मिक रोग नियन्त्रण,परजिवी नियन्त्रण न्युनीकरण गर्न पशु स्वास्थ्य शीविर जस्ता कार्यक्रम संचालन हुनेछन्।
१७.खुल्ला चरी चरन तथा छाडा पशु चौपायाहरुको व्यवस्थापन गरिनेछ।

**ख. सहकारी**

१. सरकारको तीन खम्बे अर्थ नीति अनुरुप सहकारी संस्थाहरुलाई प्रवर्द्धन गरिनेछ।

२. पालिका अन्तरगत संचालित सहकारी संस्थाहरुलाई एकिकरण गर्न आवश्यक सहजीकरण गरिनेछ।

३. युवाहरुलाई स्थानीय स्तरमै श्रम गर्ने, वातावरण सिर्जना का साथै बचत तथा लगानी चेतनामा अभिवृद्धि गरिनेछ।

४. हाल सम्म COPOMIS मा आवद्ध नभएका सहकारी संस्थाहरुलाई **(COPOMIS)** प्रविधिमा आवद्व गराइने छ।

५. सुकुम्वासी भुमिहिन दलित एवं पिछिएका वर्ग र समुदायहरुको वडा स्तरिय सहकारी संस्था गठन गरी उद्यमशिलता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

**६. उद्योग तथा वाणिज्य**

१. घरेलु तथा साना उद्योगको विकास र पर्वद्वनका लागि दर्ता प्रकिया अवलम्बन गरिनेछ।

२. रोजगारीका क्षेत्र विस्तार गर्न सीप विकास सम्बन्धी कार्यक्रमहरु प्रभाकारीका साथ संचालन हुनेछन् साथै सीप युक्त जनशक्तिको पालिका स्तर भित्रै उपयोग नीति अवलम्बन गरिनेछ।

३. व्यवसायिक फर्म, पसल दर्ता, अनुमति नबिकरण तथा खारेजीको सहज व्यवस्था मिलाईनेछ।

**४. पर्यटन क्षेत्र**

१. गाउँपालिका भित्र रहेका पर्यटकीय क्षेत्रहरुको उचित संरक्षण सम्वर्द्वन तथा प्रचार प्रसार गरिनेछ।

२. यस गाउँपालिका क्षेत्रभित्र रहेका ऐतिहाँसिक धाँर्मिक प्राकृतिक तथा सांस्कृतिक महत्वका सम्पदाहरुको स्तरोन्नति तथा मर्मत संभार तथा संरक्षणका कार्य लाई निरन्तरता दिइनेछ।

३. गाउँपालिका क्षेत्र भित्र वसोबास युक्त घर लाई होमस्टेको रुपमा विकास लागत सहभागितमा आधारित प्रोत्साहन हुनेछ।

**२. सामाजिक विकास**

**क. स्वास्थ्य पोषण तथा सरसफाई**

१. पालिकावासी नागरिकहरुलाई मौलिक अधिकारका रुपमा गुणस्तरिय स्वास्थ्य सेवा प्राप्त गर्ने सुनिश्चित गरिनेछ।

२. स्वास्थ्य सेवामा गरिब सिमान्तकृत र जोखिममा रहेका समुदायको पहुंच सुनिश्चित गर्न समता मुलक र सामाजिक न्यायको रुपमा लक्षित वर्ग बिशेष कार्यक्रम तर्जुमा गरि कार्यान्वयन गरिनेछ।

३. नागरिकको स्वास्थ्य प्रर्वद्धन, संरक्षण, सुधार र पुनः स्थपना सम्बन्धी निति तथा कार्यक्रमहरु चरणबद्ध रुपमा समावेश गराउदै लगिनेछ साथै स्वास्थ्य सेवामा जन-सहभागीतालाई विशेष जोड दिइनेछ ।

४. नागरिकहरुको सर्वसुलभ ढङ्गले गुणस्तरीय स्वास्थ्य सेवामा पहुँचको सुनिश्चितता, स्वास्थ्य सेवामा निजी लगानी प्रबर्द्धन गर्दै निजी स्वास्थ्य संस्थालाई पनि सहभागीता गराईनेछ।स्वास्थ्य क्षेत्रका निती तथा कार्यक्रम कार्यान्वयनमा आन्तरिक तथा वाहय स्रोत साधन लाई अधिकतम परिचालन गरिनेछ।

५. सरकारी तथा गैर सरकारी क्षेत्रबाट प्रदान गरीने सम्पूर्ण स्वास्थ्य सेवाहरुको नियमन गरि स्वास्थ्य सेवा प्रवाहलाई जवाफदेहि पूर्ण बनाईनेछ।

६. मौलिक परम्परागत र वैकल्पिक चिकित्सा रुपमा रहेको आयूर्वेद, प्राकृतिक चिकित्सा र होमियोप्याथी लगायत, स्वास्थ्य पद्धतिको संरक्षण र प्रवर्दन तथा सेवाग्राहीलाई बैकल्पिक सेवा छनौट गर्न सहज बनाइने छ।

७. जनसंख्या भुगोल र संघिय संरचना अनुरुप आवश्यक स्वास्थ्य संस्था,स्वास्थ्यकर्मी र तीनको गुणस्तर वृद्धि लगायत मानव संसाधन विकासको प्रारुप तयार गरिनेछ।

८. शुल्ककै कारणले गर्दा कुनै पनि नागरिक लाई स्वास्थ्य सेवावाट बञ्चित गराईने छैन।बालबालिका, महिला र ज्येष्ठ नागरिकका लागी विशेष लक्षित कार्यक्रमहरु कार्यान्वयनमा ल्याइने छन।

९. लालझाडी गाउँपालिका लाई नमुना स्वास्थ्य स्थानिय सरकारको रुपमा अगाडी बढाईने छ।राना थारु समुदायमा देखा परेको सिकलसेल एनेमियाको परीक्षण उपचार र व्यवस्थापनका लागि आवश्यक कार्यक्रम तय गरिनेछ।

१०. कार्यक्षेत्र भित्रका स्वास्थ्य संस्थामा नियमित अत्याश्यकिय एवम निःशुल्क प्रदान गरिने औषधीहरुको समयमै नियमित आपूर्ति र वितरणको सुनिश्चितता गरिनेछ।

११. ग्रामिण बस्तीका स्वास्थ्य संस्थाहरुमा प्रयोगशाला सेवा बिस्तार गरिदै लगिनेछ, **आमा सुरक्षा कार्यक्रम, ज्येष्ठ नागरिक लगायत नसर्ने रोगको जोखिममा** रहेका समुहहरुको प्रयोगशाला शुल्कमा सहुलियतको व्यवस्था गरिनेछ।

१२. स्वास्थ्य सम्बन्धि संघिय तथा प्रादेशिक ऐन निर्माण पश्चात स्थानिय सरकारले स्वास्थ्य ऐन निर्माण गर्न पहल गर्नेछ साथै स्थानीय सरकारको स्वास्थ्य स्वरुपको खाका तयार गरिने छ।

१३. प्रजनन् स्वास्थ्य लक्षित कार्यक्रम लगायत सुरक्षित प्रसुति सेवाको विस्तार दुर्गम बस्ति र जनसंख्याका र सेवा चापका आधारमा विस्तार गरिनेछ।

१४. महिला.स्वास्थ्य.स्वयम् सेविका को वृत्ति विकास गर्दै शैक्षिक आधार पुगेका लाई सम्बन्धित बिषयको उच्च शिक्षा अध्ययनका लागि कार्यक्रम तय गरिनेछन साथै ६० वर्ष सेवा अवधि पुगेका म.स्वा.स्व.से.हरुलाई आकर्षक सुबिधा सहित अनिवार्य बिदाई र रिक्त हुन जाने ठाउंमा निश्चित आधार बनाई नया **स्वास्थ्य स्वयंम सेविका** छनौट गरिने छ।

१५. निजी स्वास्थ्य संस्थालाई स्थानीय सरकारको मातहत दर्ता गरि तिनबाट प्रदान गरिने स्वास्थ्य सेवाको प्रगति समायोजन गरि प्राप्त स्वास्थ्य सेवाको तथ्याङकलाई स्वास्थ्य सम्बन्धी कार्ययोजनाका लागि आधार बनाउने र निजी लगानीको प्रर्वद्धन गर्दै तिनको नियमित अनुगमन  गरिने छ।

१६. नमुना स्वास्थ्य समुदायको अवधारणको लागि आवश्यक मापदण्ड तथार गरी नमुना स्वास्थ्य समुदाय निर्माणमा ध्यान केन्द्रित गरिनेछ साथै **अपाङगता मैत्री स्वास्थ्य** सेवा उपलब्ध गराइनेछ।

१७. गाउँपालिका भित्रका प्रत्येक वडा तह सम्म योग साधना, मनोपरामर्श जस्ता शिक्षा विस्तार गरिनेछ साथै सबै वडा सम्ममा सेवा प्रदान गर्ने गरि **एम्बुलेन्स सेवा सुनिश्चतता** गरिनेछ।

**ख. शिक्षा युवा तथा खेलकुद**

१. लालझाडी गाउँपालिकाको **१० वर्षे शिक्षा क्षेत्र योजना २०७८ श्रावण १ गते** देखि कार्यान्वयनमा ल्याइनेछ।

२. विश्वव्यापि माहामारी **Covid- 19** को कारणले शिक्षा क्षेत्रमा आएको स्थिरतालाई चलायमान वनाउन चुनौतिलाई अवसरको रुपमा लिदै उचित शैक्षिक प्रणाली अवलम्वन गरि सिर्जनात्मक सिकाइको विकास गर्न आवश्यक कार्यको थालनि गरिनेछ।

३. प्रविधियुक्त शिक्षालाई दिगो र प्रभावकारी वनाउन द्रुत गतिको इन्टरनेट सेवा विस्तार तथा वैकल्पिक शैक्षिक विकास र विद्यालयमा सुशासन कायम गर्न प्रभावकारि व्यवसथा मिलाइनेछ।

४. विद्यालय मार्फत सामाजका आवश्यक्ता तथा सिपमूलक शिक्षाका चाहाना पुरा गरि विद्यार्थीलाई आत्मनिर्भर वनाउन **१ विद्यालय १ सिपमूलक** कार्यक्रम मार्फत पेशागत तथा व्यवशायिक तालिम प्रदान गरिनेछ।

५. लालझाडी शिक्षा सम्मेलन मार्फत सरकारले घोषणा गरे वमोजिम २०७८ देखि २०८८ को दशकलाई प्रभावकारी वनाउन आर्थिक वर्ष २०७८-०८८ लाई शैक्षिक उत्सवको आधार वर्षको रुपमा विकास गरिनेछ।

६. विद्यार्थीहरुमा मेधावि क्षमता विकास गराउन प्रतियोगितात्मक प्रतिभा पहिचानका कार्यक्रम मार्फत गाउँपालिकाको शैक्षिक पहिचान स्थापित गर्न लालझाडी प्रज्ञा प्रतिष्ठानको स्थापना गरि प्रभावकारी रुपमा कार्यक्रमहरु संचालन गरिनेछन।

७. विद्यालयहरुलाई **सिकाइ र सुन्दरताका केन्द्रविन्दु वनाउन** अर्थपूर्ण कक्षाकोठा व्यवस्थापन गणित तथा वनस्पति विज्ञान पार्क-निर्माण,नाट्य प्रदषनि स्थल, योग, ध्यान, संगित, खेलकुद, कला, साहित्य, स्वास्थ्य शिक्षा लाई प्रथमिकताका साथ संचालन गरिनेछन।

८. विद्यालय तथा समुदायको सम्वन्ध सुमधुर वनाई विद्यालय प्रति समुदायको अपनत्व विकास गर्न अभिभावक शिक्षा, मनोपरामर्श, वि. व्य.स. शि.अ.स. क्षमता विकास लगायत **Bringing community to the school and Bringing school to the community** जस्ता कार्यक्रम हरु संचालन गरिनेछन।

९. लालझाडी गा.पा. को गा.पा. स्तरिय स्थानिय पाठ्यक्रम कार्यन्वयनमा ल्याईनेछ ।

१०.शैक्षिक क्षेत्रमा कार्यरत जनशक्तिको क्षमता विकास गरि गुणस्तरीय शिक्षा सुनिश्चत गर्न अनुभव आदान-प्रदान तालिम तथा पेशागत वृति विकासका अवसरहरु प्रदान गरिनेछन।

११.शिक्षामा समतामूलक पहुँच स्थापित गरि दिगो विकासका लक्ष्य न. ४ हाँसिल गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछन।

**१२.लैगिंक समानता र सामाजिक समावेसीकरण**

१. बन्दाबन्दी, निषेदआज्ञा बाट प्रतिकुल असर परेका महिला,अशक्त,अंपागता,असाय,विपन्न नागरिकको सामाजिक सरक्षंणका लागि आवश्यक व्यवस्था मिलाइनेछ।

२. जेष्ठ नागरिकलाई सम्मान गर्दै ज्ञान सिप र अनुभवलाई ग्रहण गरिनेछ।

३. किशोरीहरुको क्षमता अभिवृद्धि गर्न विभिन्न आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ।**किशोरी आत्म सुरक्षा कार्यक्रम** लाई निरन्तरता दिइनेछ।

४. विपन्न,एकल महिला तथा अपांगता भएकाहरु लाई आयमुलक कार्यक्रममा सहभागी गराउन आवश्यक कार्यक्रम संचालन हुनेछन्।

५. लैङ्गिक हिंसा शोषण मानव बेचविखन विभेद तथा दुर्व्यहार लाई सुन्य सहनशिलताको नीति अवलम्बन गर्दै **राष्ट्रपति महिला उत्थान कार्यक्रम** संचालनका लागि पहल गरिनेछ।

६. संविधान प्रदत्व मौलिक हक कार्यान्वयन गर्न वालवालिकाका लागि आवश्यक कार्यक्रम तथा वाल संरक्षण नीति कार्यान्वयन गरिनेछ**, हिंसा मुक्त लालझाडी** निर्माणका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ।

७. अनाथ बालबालिका हरुका लागि संरक्षण नीति अवलम्बन गरि सामाजिक सुरक्षा कार्यक्रम संचालन गरिनेछन।

८. यसै बर्ष देखि रु १ लाख सम्मको **लौगिक हिंसा निवारण कोष** संचालनमा आउनेछ।

**१३.कला तथा सँस्कृति प्रवर्द्धन**

१. कला,साँस्कृति पर्वधन तथा विकासका लागि संरक्षण बिशेष नीति हुनेछ।

२. स्थानीय जात्रा तथा साँस्कृतिक पर्वका लागि प्रोत्साहन गर्ने कार्य लाई निरन्तरता दिइनेछ।

**१४.खाने पानी तथा सरसफाई**

१. स्वच्छ खानेपानी स्वास्थ जीवन शैली भन्ने अभियानलाई सार्थक तुल्याउन सरसफाई सम्बन्धी बिशेष कार्यक्रमहरु अभियानको रुपमा संचालन गरिनेछन्।

२. गाउँपालिका का सबै वडाहरुमा स्वच्छ पिउने पानी उपलब्ध गराउन आवश्यक कार्यक्रम संचालन गर्ने तथा सम्बन्धीत निकाय संग गरिनेछन्।स्वच्छ, शुद्ध पिउने पानीका लागि आवश्यक वस्ती, परिवारलाई बायोग्यास फिल्टर वितरणलाई निरन्तरता दिइनेछ।

३. गाउँपालिकालाई पुर्ण सरसफाई संग सम्बन्धित सुचक प्राप्त हुने गरि कार्यक्रमहरु निरन्तर संचालन हुनेछन्।

४. सफा र सुन्दर गाउँपालिका पहिचान कायम गर्न **फोहर मैला व्यवस्थापन कार्यक्रम** उच्च फोहरमैला रहेको **वस्तीमा विशेष जनचेतना  कार्यक्रम संचालन** हुनेछ, साथै **टोल फोहरमैला ब्यवस्थापन केन्द्र** तय गरिनेछन।

१५.**सामाजिक सुरक्षा तथा व्यक्तिगत घटनादर्ता सुदृधीकरण**

१. सामाजिक सुरक्षा भत्ता तथा घटना दर्ता सुदृधिकरण कार्यक्रम अझ प्रभावकारी रुपमा संचालन गरिनेछ।

१६.**सरकारी तथा गैर सरकारी संस्था**

१. गाउँपालिका भित्र कार्यक्षेत्र रहेका तथा कार्य गर्न चाहने सम्पुर्ण अर्ध-सरकारी गैर -सरकारी संस्थाहरुका लागि एकद्वार प्रणाली अवलम्बन गरिनेछ।यस सम्बन्धमा पालिकाले मापदण्ड तयार गर्नेछ।

२. निजी, गैर-सहकारी तथा सामाजिक संघ सस्थाहरुलाई सहजीकरणका लागि समुन्वय कक्ष संचालन गरिनेछ।

## ३. पूर्वाधार विकास

### क. सडक,पुल  तथा भवन

१. गाउँपालिका क्षेत्र भित्रका सडकहरु लाई फराकिलो, व्यवस्थित सडकको रुपमा विस्तार गर्ने कार्यलाई यस बर्ष पनि निरन्तरता दिइनेछ साथै ग्राभेल सम्म नभएका साना-साना टोल वस्तीमा ग्राभेल सडक पुऱ्याउन कार्यलाई तिव्रता दिइनेछ ।

२. गाउँपालिका भित्र सबै वडालाई समेटिने गरि मुल सडक स्तरोन्नतीको कार्यलाई प्रभावकारीताका साथ तिव्रता दिइनेछ साथै सडक निर्माण तथा स्तरउन्नती गर्दा नाली ब्यवस्थापन लाई जोड दिइनेछ।

३. पालिकाकै रणनीतिक महत्वका पुर्वाधारका योजना वडा नं.१ देखि खर्रा नाला पुल सम्मको कालो पत्रे सडक,वडा नं.२ मा रहेको खेलकुद मैदान, चक्रपथ, वडा नं.३ को लालझाडी चक्रपथका सडकहरुको विस्तृत योजना अध्ययन प्रतिवेदन तयार **(DPR)** गरि कार्य संचालन गरिनेछ साथै सबै वडाका अरु कालेपत्रे सडकका आयोजना को DPR तयार गरि कार्य संचालन हुनेछ।

४. पालिका भित्र निमार्णधिन अवस्थामा रहेका सडक, पुललाई यथाशिघ्र सम्पन्न गर्न सम्बन्धित निकायमा विशेष पहल गरिनेछ ।

५. गाउँपालिका भित्र सार्वजनिक यातायात संचालन बसपार्क निर्माणका  जस्ता पुर्वाधारका लागि विस्तृत योजना अध्ययन प्रतिवेदन तयार **(DPR)** गरि यतायात संचालन योजना तयार गरि कार्य अगाडि बढाइने छ।

६. सडक निर्माण कार्य गर्दा संग-सगै वृक्षारोपण कार्यलाई अगाडी बढाईनेछ साथै रोपिएका विरुवा हरुको संरक्षण तथा हेरचाहका लागि आवश्यक व्यवस्था गरिनेछ।

७. यस गाउँपालिकालाई व्यवस्थित गाउँको रुपमा विकास गर्न भवन आचार संहिता तथा वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभुत मापदण्ड २०७२,लाई कडाईका साथ कार्यान्वयन गरिने छ।

८. वस्ती विकास, शहरीयोजना तथा भवन निर्माण सम्बन्धी आधारभुत मापदण्ड,२०७२माव्यवस्था भए बमोजिम गाउँपालिका हुनुभन्दा पहिले बनिसकेका घरहरुको हकमा अभिलेखीकरणका लागि नक्शा पेशगर्न लगाईनेछ।गाउँपालिका ले छुट्टै **भवन निर्माण सम्बन्धी आवश्यक मापदण्ड तथा कार्यविधि** तयार गरि कार्यान्वयन मा लगिनेछ।

९. पर्यटन पर्वद्धनमा लालझाडी लाई अगाडी बढाउन **इटाहबाबा मन्दिरको गुरु** योजना तयार गरि कार्य अगाडि बढाइने छ।गाउँपालिका अन्तरगत **हाट बजार संचालन व्यवस्थापनका** लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

१०.गाउँपालिका क्षेत्र भित्रको भौतिक पूर्वाधार विकास संबन्धी  योजना संकलन गरि योजना बैङ्क तयार गरि प्राथमिकताका आधारमा संमपन्न गर्दै लगिनेछ।

### ३. उर्जा

१८.बैकल्पिक तथा नबीकरणीय उर्जाको रुपमा रहेको सडक सौर्य बत्ती जडान कार्यलाई यस वर्ष पनि निरन्तरता दिईनेछ।

१९.सुधारिएको चुलो, गोबर ग्यास तथा वैकल्पीक उर्जाका जस्ता उर्जाका श्रोतलाई बडाउन थप सचेतनाका कार्यक्रम संचालन गरिनेछन्।

## ४. भु-उपयोग, वातावरण तथा विपद व्यवस्थापन

### क. भू-उपयोग

१. नेपाल सरकारको नीति अनुरुप **"जग्गाको संरक्षण  तथा समंवर्धन"** नीति लाई कार्यान्वयन गरिनेछ।

२. भुमिहिन तथा सुकम्वासीका समस्या समाधानका लागि आवश्यक पहल गरिनेछ।

### ख. वन तथा वातावरण

१. नेपाल सरकारको नीति अनुरुप **हरियो बन, समवृद्धिको लागि वन** कार्यक्रमलाई कार्यान्वयन गरिनेछ।

२. वन सुरक्षा गर्न व्यापक वृक्षारोपण र वन विविधिकरणको माध्यमवाट वातावरण जोखिम न्यून गरि वनको बहुउपयोग गर्दै जैविक विविधताको सरंक्षण गरिनेछ।

३. दोदा नदी नियन्त्रणका लागि जैविक तटबन्धका, वृक्षारोपण जस्ता विभिन्न कार्यक्रम संचालन गरिनेछन् साथै वगर क्षेत्रको संरक्षणका लागि समूह गठन गरि समूहलाई जिम्मा लगाइनेछ।

**ग. विपद तथा प्रकोप व्यवस्थापन**

१. स्थानीय प्रकोप विपद व्यवस्थापन कोषलाई निरन्तरता दिइनेछ।

२. प्रकोप व्यवस्थापनका लागि खोज तथा उद्धार, पूर्व तयारीका सम्बन्धमा सबै कर्मचारी तथा जनप्रतिनिधि लाई सरोकारवाला संगको सहकार्यमा विभिभ्न तालिम संचालन हुनेछन्।

३. पालिका भित्रका जोखिम क्षेत्र पहिचान गरि, सुरक्षित स्थल किटान गरि पूर्वाधार विकासमा जोड दिइनेछ।

**घ. गरिबी न्युनिकरण तथा रोजगारी प्रवर्द्धन**

**१.** श्रम सम्मान, स्वरोजगार, उपयुक्त पारिश्रमिक र सामाजिक संरक्षण सहितको श्रम व्यवस्थापन गर्दै, युवा उद्यमशीलता विकास गर्दै लगिनेछ।

**२.** रोजगार सेवा केन्द्रमा सुचिकृत भएका बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीमा संलग्न गराउन श्रम मुलक समुदायिक सरंचना निर्माण गर्दै सामाजिक संरक्षण सहित आवश्कीय क्षमता विकास गरिनेछ।

**३.** सूचीकृत बेरोजगारहरु लाई स्थानीय तह भित्र नेपाल सरकार, प्रदेश सरकार,निजी तह, सरकारी वा अन्य आयोजना कार्यक्रम व्यवसाय पेशा उद्यममा रोजगारी वा स्वरोजगारीमा आवद्ध गर्ने र गैर सरकारी क्षेत्रका रोजगारी का लागि आवश्यक सहजीकरण गरिनेछ।

४. रोजगार सेवा केन्द्र संचालन तथा व्यवस्थापन लाई अझ प्रभावकारी बनाइनेछ।

**५. "आफ्नो माटो चिनौ, आफ्नै गाउँ बनाऔं"** स्वलम्बन अभियानका लागि पहल गरिनेछ।

**६.** "युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना","कामका लागि पारिश्रमिक" जस्ता सामुदायिक आयोजना संचालन प्रभावकारी रुपमा कार्यान्वयन हुनेछन। **कामका लागि पारिश्रमिक** सामुदायिक आयोजनाहरुमा सरोकारवालाहरु सँग साझेदारीमा संचालन गरिनेछन।

**७.** श्रम, रोजगार नीति सम्बन्धी कानुनी व्यवस्थाको अभिवृद्धि गरिनेछ।

**६. संस्थागत विकास तथा सेवा प्रवाह**

**क. सुशासन सेवा प्रवाह तथा मानव संसाधन विकास**

१. पालिका स्तरमा रहेका संघ सस्था,वडाहरु कार्यालयमा नागरिक वडापत्र, सूचना पाटी,गुनासो बक्स,सोधपुछ कक्ष आदिको व्यवस्थापन गरि सेवा प्रवाह गरिनेछ।

२. स्वास्थ्य सुरक्षालाई सम्बोधन हुने गरि गाउँपालिका बाट प्रदानहुने सम्पुर्ण प्रणालीमा सुधार गर्दै लगिनेछ।

३. कर्मचारीको पदिय आचरण र मर्यादा कायम गर्न कर्मचारी आचार संहिता तयार गरिनेछ, कर्मचारी कार्यसम्पादन मूल्याङ्कनको आधारमा दण्ड र पुरस्कारको व्यवस्था गरिनेछ।

४. सेवा प्रवाहमा विशिष्टिकरण गरि सेवा प्रवाहमा संम्बन्धीत कर्मचारीलाई नै जिम्मेवार बनाईनेछ,कर्मचारीमा क्षमता विकास गर्दै लगिनेछ।

**५. सूचना प्रविधि तथा अभिलेख व्यवस्थापन**

१. महामारी जन्य अवस्थालाई अन्तर सम्वन्धीत विषयको रुपमा स्वीकार गर्दै सुचना तथा संचार क्षेत्रमा सोही अनुरुपका गतिविधिहरु संचालन गरिनेछन्, पालिकाले प्रवाह गर्ने सेवाहरुलाई जनता सम्म पुर्याउन सूचना तथा प्रविधिको अधिकतम प्रयोग गरिनेछ।

२. लालझाडी गाउँपालिका ,वडा कार्यालयका सेवा प्रवाह हुने सेवाहरुको तथ्याङ्क एकिकृत गरिनेछ, पालिकाको अधिकतम सूचना प्रविधि उपयोग नीति हुनेछ।

### ३. सुरक्षा व्यवस्थापन

१. नेपाल प्रहरी संगको समन्व्य तथा सहकार्यमा गाउँपालिका भित्र सुरक्षाको प्रत्यभूति हुनेगरि आवश्यक कार्यक्रमहरु संचालन गरिनेछन।

२. शान्ति सुरक्षा ,लागु औषद दुर्व्यशनी, चोरी शिकारी नियन्त्रण अमनचयन कायम गर्न पालिका नेपाल प्रहरीको उपस्थिति बडाउन आवश्यक पहल गरिनेछ।

३. लालझाडी इलाका प्रहरी कार्यालयको अधुरो भवन निर्माण यस बर्ष सम्पन्न गरिनेछ साथै प्रहरी कार्यालयका आवश्यकीय पूर्वाधार व्यवस्थित संरचनाका लागि सम्बन्धीत निकाय संग सहकार्य गरिनेछ।

### ४. न्याय संम्पादन

१. न्यायिक समितिको क्षमता अभिवृद्धिका जस्ता कार्यक्रमलाई परिर्माजन सहित थप प्रभावकारी वनाइनेछ।

२. न्यायिक समितिमा परेका उजूरीहरु लाई मेलमिलाप कर्ता परिचालन गरी समुदायिक स्तरबाटै सामधान गरिनेछ।

३. मेलमिलापकर्ताहरुको सुची दर्ताको व्यवस्थापन विवादलाई स्वच्छ निष्पक्ष कार्य सम्पादन गर्न जोड दिइनेछ।

## ७. वित्तिय व्यवस्थापन र सुशासन

### क. आन्तरिक तथा अन्तिम लेखा परिक्षणर बेरुजु

१. पुरानो बेरुजु रकमहरु नियमित गर्ने कार्यमा सम्बन्धित विषय विज्ञका समेत राय सल्लाह लिई पुरानो बेरुजु तथा फछ्र्यौट कार्यलाई तिब्रता दिइनेछ।

२. समायमा नै पेश्की तथा बेरुजु फछ्र्यौट गर्ने कार्यलाई पुर्ण कार्यान्वियन गरिनेछ।

### ३. लेखाङ्कन तथा राजश्व परिचालन

१. लेखा प्रणलीको प्रभावकारी कार्यान्वयनका लागि कार्यालयको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ।

२. गाउँपालिका भित्र संचालनमा रहेका सवारी साधन तथा अन्य साधनहरुको दर्ता प्रक्रिया अगाडि बढाई राजस्व वृद्धि गरिनेछ।

३. राजस्व संकलन हुन नसकेको क्षेत्र व्यक्ति तथा संस्थाहरुको पहिचान गरि राजस्व संकलन कार्यलाई कडाईका साथ कार्यान्वियन गरिनेछ।साथै करका दायरमा आउने करदाता लाई आवश्यक प्रोत्साहन गर्नेछ।

४. राजश्व संकलन तथा करदाताको अभिलेखलाई ब्यवस्थित बनाईनेछ,कर-नीति वातावरणको व्यवस्था मिलाइनेछ।

५. गाउँपालिकाले लगाउदै आएको राजस्व दरमा समायानुकुल समायोवजन गरिनेछ।

### ६. वित्तिय सुशासन तथा जोखिम न्यूनकरण

१. अनावश्यक खर्च नियन्त्रणमा जोड दिईनेछ।गाउँपालिकाले बार्षिक खरिद योजना तयार गरि सोही अनुरुप खरिद प्रकृयालाई पारदर्शी र गुणस्तरिय बनाउदै लगिनेछ।

२. आर्थिक कार्य प्रणाली लाई चुस्त दुरुस्त बनाई वित्तिय सुशासन कायम गरिनेछ।

३. आर्थिक कृयाकलापको मासिक, चौमासिक र वार्षिक विवरणहरु सूचना पार्टीमा तथा बेवसाईट आदि सार्वजनिक गरिनेछन।

### ४. सामाजिक परीक्षण

१. स्थलगत लेखा परिक्षण खर्च सार्वजनिकरण निर्देशीकाको प्रावधानलाई पालना गर्नुका साथै स्थलगत समाजिक परिक्षणलाई अझ प्रभावकारी बनाइनेछ।

### ५. सार्वजनिसक सुनुवाई

१. प्रत्येक चौमासिकमा यस पालिकाले प्रदान गरेका सेवा प्रवाहका सम्बन्धमा लक्षित वर्गको उपस्थिति सहित सार्वजनिक सुनुवाईको आयोजना तथा गुनासो व्यवस्थापन गरि आवश्यक कार्यनितीमा परिमार्जन गरिनेछ।

२. गुनासो अभिलेक, उजूरी पेटिका, सुझाव पेटिका , पालिका अन्तर्गतका सबै वडा कार्यालय तथा अन्य कार्यालय अनिवार्य व्यव्स्थापन गरि सोही अनुरुप कार्य संचालन गरिनेछ।

३. सेवा प्रवाह ,कार्यालयको काम कारवाही लाई स्थीनीय लाई नियमित सूचना संमप्रेशण गरिनेछ ।

**अध्यक्ष महोदय तथा सदस्य ज्यूहरु**

अव म आ.व. ०७६/७७ को यथार्थ आय व्यय विवरण, चालु आर्थिक वर्ष ०७७/०७८ को संशोधित आय व्यय विवरण र आगामी आर्थिक वर्षको प्रस्तावित आय व्यय विवरण साराशंमा प्रस्तुत गर्न चहान्छु।

| आ.व. २०७६/०७७ को यथार्थ | | आ.व. २०७७/०७८ को संशोधीत | | आ.व. २०७८/०७९ को अनुमानित | |
|---|---|---|---|---|---|
| आय | व्यय | आय | व्यय | आय | व्यय |
| २९,९४,९२,४०९ | २४,१८,८८,४८८ | ४०,३०,५९,१३० | ४०,३०,५९,१३० | ४७,५०,०१,५०० | ४७,५०,०१,५०० |

जस अनुसार ०७८/०७९ को आन्तरिक श्रोत तर्फ **रु १ करोड ०१ लाख ७५ हजार ५ सय** वित्तीय समानिकरण संघ बाट **रु ९ करोड ९१ लाख** वित्तीय समानिकरण प्रदेशबाट **रु ६८ लाख २९ हजार** राजस्व बांडफांड संघबाट **रु ७ करोड ३३ लाख ४५ हजार** राजस्व बांडफांड प्रदेश बाट **रु १६ लाख ५२ हजार** विशेष अनुदान **संघ रु २ करोड ८ लाख** र समपुरक अनुदान संघ **रु. १ करोड ३७ लाख** र विशेष र समपुरक अनुदान प्रदेशबाट **रु ३ करोड र ५० लाख** , सामाजिक सुरक्षा भत्ताबाट **रु ३ करोड ७५ लाख** ,विषयगत सशर्त अनुदान **रु.१४ करोड ३७ लाख** प्रादेशिक तथा स्थानीय शासन सहयोग विकास कार्यक्रमबाट **रु. ५ लाख** ,सडक बोर्डबाट **रु. १० लाख** गरीब संग बिशेश्वर कार्यक्रमबाट **रु. ५लाख** एन.एन.एस.डब्लु.ए / एन एल आर .बाट **रु. ७ लाख** र गतको मौज्दात सारि आएको **रु. २ करोड गरी जम्मा ४७ करोड ५० लाख एक हजार ५ सय** आय अनुमान गरिएको छ।साथै यस गाउँपालिकामा गैरसकारी संस्थाहरु मार्फत आगामी आ.व.०७८/०७९ को लागि **रु. १ करोड ६३ लाख २७ हजार ९ सय ०३** को कार्यक्रम गर्ने प्रस्ताव पेश भएको छ।

गाउँपालिकामा हाल उपलब्ध हुने बजेट सिलिङ्ग (आन्तरीक श्रोत,समानिकरण अनुदान र राजस्व बाँडफाँड)वमोजिम **२१ करोड ११ लाख १ हजार ५ सय** मध्ये चालु खर्च तर्फ **रु ८ करोड २६ लाख ४१ हजार ५ सय**, समपुरक कोष **३ करोड ६० लाख** र पुँजीगत खर्चमा **रु ९ करोड २४ लाख ६० हजार** विनियोजन गरिएको छ।

पुँजीगत खर्च **रु ९ करोड २४ लाख ६० हजार** मध्ये सामाजिक विकासमा **रु १ करोड ९६ लाख ५५ हजार**, आर्थिक विकासमा **रु १ करोड ९५ लाख ५ हजार,** भौतिक पुर्वाधारमा **रु ३ करोड ८७ लाख** वन वातावरण तथा विपद क्षेत्रमा **रु ९८ लाख ४० हजार** र सुशासन तथा संस्थागत तथा वित्तीय सुशासन विकासमा **रु. ४७ लाख ६० हजार र भौतिक पुर्वाधारका लागि समपुरक रकम रु. ३ करोड ६० लाख** विनियोजन गरिएको छ।पुँजीगत खर्चलाई ठुला पुर्वाधारका योजना,गाउँपालिका स्तरीय योजना तथा कार्यक्रम र वडागत योजना तथा कार्यक्रममा वजेट विनियोन गरिएको छ।

यस गरिमामय नवौं गाउँ सभाबाट भएका महत्वपूर्ण निर्णयहरु,गाउँसभाबाट स्वीकृत लालझाडी गाउपालिकाको आर्थिक ऐन २०७८, विनियोजन ऐन २०७८, आगामी आर्थिक वर्ष २०७८/०७९ को योजना तथा वार्षिक बजेटको विस्तृत विवरण र गाउँसभाबाट स्वीकृत भई जिल्ला, प्रदेश एवम् केन्द्रमा सिफारिस गर्ने योजनाहरुको विवरण वार्षिक गाउँ विकास योजना पुस्तिकामा प्रकाशित गरिनेछ। गाउँपालिकाबाट तयार गरिएको गा.पा. स्तरीय र वडा स्तरीय योजना तथा कार्यक्रम यसै वजेट नीति तथा कार्यत्रमका साथ पेश गरेको छु।